मकवानपुरगढी गाउँपालिका

Makawanpurgadhi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Executive

मकवानपुरगढी, मकवानपुर

Makwanpurgadhi, Makawanpur

३ नं. प्रदेश, नेपाल

Province नं. 3, Nepal

Email: makawanpurgadhi.rmc@gmail.com

Website: makawanpurgadhimun.gov.np

Contact no.: 9855073810 (Chairman)

Contact no.: 9855088966 (CAO)


प.सं. (Ref.):

च.नं. (Dispatch no.): २०९

मिति : २०७६/०९/०९

Date :

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०७६/०९/०९)

भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयको गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्ने गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम मोबाइल एपमा आधारीत घरधुरी सर्वेक्षणको काम गर्ने यस मकवानपुरगढी गाउँपालिको मिति २०७६/०९/०९ को निर्णयानुसार ५(पाँच) महिनासम्मको लागि सेवा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लेखित कर्मचारीहरुको आवश्यक परेकोले ईच्छुक एवं तोकिएका योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र मकवानपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र. सं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता र उमेर | दरखास्त दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | गणक | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको। १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको। | रु. ४००/-(अक्षरेपी चारसय मात्र) नेपाल बंगलादेश बैंक शाखा कार्यालय, मकान्पुरमा रहेको खाता नं.०६५००००१४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ। | कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता |
| २ | सुपरीवेक्षक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको। १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको। | रु. ५००/- (अक्षरेपी पाँचसय मात्र) नेपाल बंगलादेश बैंक शाखा कार्यालय, मकान्पुरमा रहेको खाता नं.०६५००००१४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ। | कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता |

- **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाण मात्र भए नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि), आधारभूत कम्प्युटर तालिमको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि दरखास्त साथ पेश गर्नुपर्ने छ। साथै अन्तरवार्ताको दिन उम्मेदवारहरुले सबै प्रमाणपत्रहरु सक्कलै लिई आउनुपर्ने छ।
- **काम गर्नुपर्ने स्थान**:- मकवानपुरगढी गाउँपालिकाको क्षेत्र।
- **तलब सुविधा**:- नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम **गणकको** लागि रा.प.अनं.द्वितीय श्रेणी अर्थात सहायकस्तर चौथो तहको शुरु तलब र अन्य सुविधा। **सुपरिवेक्षकको** लागि रा.प.अनं.प्रथम श्रेणी अर्थात सहायकस्तर पाँचौ तहको शुरु तलब र अन्य सुविधा।
- **सम्पादन गर्नुपर्ने कामको विवरण(TOR)**: कार्यविधि र निर्देशिकामा उल्लेखित कार्यविवरण अनुसार।
- **दरखास्त फाराम** : लोक सेवाआयोगले तोकिएको (अनुसूची-४ दफा १२ को (१) सँग सम्बन्धित) फारामको ढाँचा बमोजिम हुनेछ।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
- आवेदन परेका मध्येबाट छोटो सूची (Shot List) प्रकाशन पश्चात परीक्षाको मिति तोकिने छ।

(रामकुमार पुडासैनी)

प्रमुख प्रशासकीय अधिकृत